फालेलुङ गाउँपालिका

# फालेलुङ राजपत्र

फालेलुङ गाउँपालिकाबाट प्रकाशित

खण्डः ५) थोक्लिम्बा, पाँचथर, असोज ११ गते, २०७९ साल (संख्याः १

**भाग-२**

## फालेलुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, थोक्लिम्बा, पाँचथर

### विपद राहत वितरण सम्बन्धी मापदण्ड, २०७९

## विपद राहत वितरण सम्बन्धी मापदण्ड, २०७९

फालेलुङ गाउँपालिका क्षेत्रभित्र बिभिन्न समयमा बिपद घटेको बेलामा तत्काल सो घटनाका पिडित परिवारहरुलाई वितरण गरिने राहतमा एकरुपता कायम गर्न एवं सहयोगलाई पारदर्शी गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (न) ले दिएको अधिकार अनुसार यो मापदण्ड तयार गरी लागू गरिएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

क) यस मापदण्डको नाम "**विपद राहत वितरण सम्बन्धी मापदण्ड, २०७९**" रहेको छ ।

ख) यो मापदण्ड गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखी लागू हुनेछ।

**२. परिभाषा :**

**बिषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क) "कार्यविधि" भन्नाले "**विपद राहत वितरण सम्बन्धी मापदण्ड २०७९"** भन्ने सम्झनु पर्छ।

ख) "कोष" भन्नाले विपद व्यवस्थापन कोष सम्झनु पर्छ।

ग) "विपद व्यवस्थापन समिति" भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

घ) "गाउँपालिका " भन्नाले फालेलुङ गाउँपालिका, पाँचथरलाई सम्झनु पर्छ।

ङ) "कार्यपालिका" भन्नाले फालेलुङ गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्छ।

**३. प्रकोप / विपद भन्नाले देहायका प्रकोपहरुलाई जनाउने छ।**

क) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी, बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ, भुकम्प ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

ख) "गैर प्राकृतक विपद्" भन्नाले महामारी, बिद्युत सर्ट, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डमिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई सडक जल वा औद्योगिक दुर्घटना आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ।

**४. कोषको वित्तिय व्यवस्था**

फालेलुङ गाउँपालिकाको विपद व्यवस्थापन कोषमा न्यूनतम रु.५,००,०००।– (अक्षेरेपी पाँच लाख मात्र) मौज्दात कायम राख्ने व्यवस्था वातावरण तथा बिपद् ब्यवस्थापन समिति मार्फत प्रमुख प्रशासकीय अधिकृतबाट मिलाइनेछ।

१) कोषमा देहायका रकमहरु रहने छन् :

क) गाउँ सभाबाट विपद व्यवस्थापन कोषका लगि बार्षिक रुपमा विनियोजन हुने रकम,

ख) अन्य स्थानीय तहबाट प्राप्त हुने रकम,

ग) दातृ निकाय/परियोजना/गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम,

घ) कोषलाई सेवा शुल्कबाट प्राप्त हुने रकम,

ङ) कोषलाई अन्य विभिन्न स्रोतहरुबाट प्राप्त हुने रकम,

च) संघिय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदानबाट सहयोग हुने रकम,

२. विपद व्यवस्थापन कोषको रकम छुट्टै खाता खोली जम्मा गरिने छ। कोषको संचालन गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

३. कोषको लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

**५. कोषको आर्थिक व्यवस्था:**

विपद व्यवस्थापन कोषको आर्थिक व्यवस्था यस मापदण्डमा तोकिए बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**६. विपद राहत वितरण**

गाउँपालिकाले पिडित परिवारहरुलाई राहत वितरण तथा पुनर्स्थापना गर्नका लागी विपद् ब्यवस्थापन समितिको बैठकबाट देहायका बमोजिम राहत उपलब्ध गराउने छ। पिडित परिवारलाई बस्नको लागि कुनै पनि किसिमको घर वा अन्य भौतिक सम्पति भएको खण्डमा राहत उपलब्ध गराउन बाध्य नहुने।

क) विपदमा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने प्रति मृतक रु.५०,०००।– (अक्षरेपी पचास हजार मात्र) मृतकका परिवारलाई राहत स्वरुप उपलब्ध गराईनेछ। विपदमा परि मृत्यू भएको व्यक्तिको परिवार भित्रको कुनै पनि सदस्य जिवित नभएको खण्डमा रकम उपलब्ध गर्न बाध्य नहुने तर नजिकको हकवाला समेत नभई प्रचलित परम्पता एवं संस्कार बमोजिम काजकिरिया गर्न समस्या भएमा सदगद वापतको खर्च गाउँपालिकाले व्यहोर्नेछ।

ख) कुनै पनि विपदमा परी कुनै व्यक्तिको घर (बस्नको लागि अन्य केहि नभएको) र खाधान्न लत्ताकपडा समेत पूर्ण रुपमा क्षति भएमा त्यस्तो परिवारलाई तत्कालिन राहतका लागि नगद रु.३०,०००।- (अक्षरेपी तीस हजार मात्र) सम्म वा जिन्सी खाद्य वा गैर खाद्य सामाग्री उपलब्ध गराइनेछ।

ग) कुनै पनि विपदको घटनामा परी कुनै व्यक्तिको घर (पूर्ण रुपमा क्षति नभई लच्किएको तर बस्न नहुने) वा खाधान्न तथा लत्ताकपडा समेत आंशिक रुपमा क्षति भएमा त्यस्तो परिवारलाइ तत्कालिन राहतका लागि नगद रु.१५,०००।– (अक्षरेपी पन्ध्र हजार मात्र) सम्म वा जिन्सी खाद्य वा गैर खाद्य सामाग्री उपलब्ध गराइने छ।

घ) विपदबाट घर बहालमा बसेको भएमा वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागी खाधान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागी प्रति परिवार नगद रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) सम्म वा सो बराबरको जिन्सी (खाद्य वा गैर खाद्य सामाग्री) सामान राहत उपलब्ध गराइने छ।

ङ) कुनै प्रकारका विपदमा परी घाइते भएका बिरामीहरुलाइ उपचारका लागि जिल्ला अस्पताल वा नजिकको स्वास्थ केन्द्रमा लैजानु पर्ने घाइते गरिब, असाय वा आर्थिक अवस्था कमजोर रहेछ भने त्यस्तो घाइतेलाइ अस्पताल लैजादाको एम्बुलेन्स खर्च भुक्तानी गरिने छ।

च) विपदबाट घाइते भएको कुनै ब्यक्तिलाइ अस्तालमा भर्ना भइ उपचार गराउनु परेमा त्यस्तो घाइते गरिब, असहाय वा आर्थिक अवस्था कमजोर भएमा त्यस्तो घाइतेको बिरामी कुरुवाको लागी खाना खाजा खर्च वापत एक पटकका लागि बढीमा रु.५,०००।- (अक्षरेपी पाँच हजार मात्र) सम्म बिरामी कुरुवा खर्च उपलब्ध गराइने छ।

ज) माथि जुनसुकै कुरा लेखिएको भएता पनि हावाहुरी वा चट्याङबाट घरको छानो वा अन्य सामान्य क्षति भएमा रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार मात्र) सम्म राहत उपलब्ध गराउने र सोको लागि वडाले सिफरिस गरे अनुसार हुनेछ।

झ) विपदबाट खाद्यान्न बाली तथा अन्य कृषि बाली वा पशुजनधनमा क्षति भएमा गाउँ कार्यपालिकाको कार्यालयले सोको मूल्याङ्कन गर्नुपर्नेछ । क्षतिको मूल्याङ्कन बमोजिम विपद व्यवस्थापन समितिको बैठकको निर्णयानुसार अधिकतम रु.१५,०००।– (अक्षरेपी पन्ध्र हजार मात्र) उपलब्ध गरिनेछ।

**७. दिर्घकालिन राहत एवं ब्यवस्थापन**

क) दफा ३ को (ख) का पिडित परिवारका लागि बिपद् व्यवस्थापन समितिले थप सहायता (आर्थिक, खाद्यान्न एवं उपचार) उपलब्ध गराउनु पर्ने भएमा त्यसरी सहयोग गर्नु पर्ने परिवार संख्या एकिन गरी कार्यपालिकामा सिफारिस गर्नेछ । विपद व्यवस्थापन समितिको सिफारिसका आधारमा कार्यपालिकाको बैठकले निर्णय गरे अनुसार थप सहयोग गरिनेछ।

ख) विपदका कारण बसोबास गरी रहेको स्थानमा बसोबास गराउँदा थप जोखिम हुने अवस्था रहेमा त्यस्तो पिडित परिवारलाइ सुरक्षित स्थानमा राखी बसोबास गराउनु पर्ने अवस्था भएमा बसोबास गराइने स्थान, परिवार संख्या, आवश्यक सामाग्री र सोका लागि आवश्यक पर्ने बजेटको समेत अनुमान गरी गाउँपालिका बिपद् ब्यवस्थापन समितिले कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ । त्यसरी भएको सिफारिसको आधारमा गाउँपालिका बिपद् ब्यवस्थापन समितिसंग समन्वय गरी कार्यपालिकाको बैठकको निर्णय अनुसार आवश्यक व्यवस्था मिलाइनेछ।

ग) दफा क र ख अनुसारको कार्य गर्नका लागी पूर्ण रुपमा वा आंशिक रुपमा कार्य गर्नका लागि गाउँ कार्यापालिका वा गाउँ बिपद् ब्यवस्थापन समितिले वडा समितिलाइ जिम्मेवारी तोक्न सक्नेछ। यसरी तोकिएको जिम्मेवारी अनुसार कार्य गर्ने जिम्मेवारी सम्बन्धित वडा समितिको कर्तब्य हुनेछ।

**८. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था**

विपद व्यवस्थाप कोषको सञ्चालन गर्ने, रेखदेख गर्ने र कोषको अवस्थाको बारेमा कार्यपालिकामा विवरण पेश गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीको हुनेछ।

१. विपद व्यवस्थापन कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिका लागि देहाय बमोजिमको विपद व्यवस्थापन व्यवस्थापन समिति गठन हुनेछ।

| | |
|---|---|
| क) अध्यक्ष | अध्यक्ष |
| ख) उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी | सदस्य |
| घ) वडा अध्यक्ष सबै | |
| ङ) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक | सदस्य |
| च) नेपाल प्रहरीका स्थानीय प्रमुख | सदस्य |
| छ) रेडक्रस सोसाइटीका गाउँपालिका शाखा अध्यक्ष | सदस्य |
| ज) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| झ) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | सदस्य |

| | | |
|---|---|---|
| ञ) | राष्ट्रिय मान्यता प्राप्त स्थानीय राजनीतिक दलका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ट) | गैरसरकारी महासंघको प्रमुख | सदस्य |
| ठ) | नेपाल पत्रकार महासंघ अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| ड) | उद्योग वाणिज्य संघ अध्यक्ष | सदस्य |
| ढ) | विपद हेर्ने सम्पर्क व्यक्ति | सदस्य सचिव |

**९. विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

क) विपद व्यवस्थापन कोषका लागि आर्थिक स्रोतको व्यवस्था गर्ने।

ख) विपद व्यवस्थापन कोषको सञ्चालनको लागि योजना तर्जुमा गरी पेश गर्ने।

ग) विपद्को घटना घट्नु अगावै जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।

घ) विपद्बाट पिडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी अनुगमन गर्नुका साथै राहतको बन्दोबस्त गर्ने।

ङ) विपद्का लागि पूर्व तयारी गर्ने।

च) विपद् न्यूनिकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न सिफारिस गर्ने।

**१०. बिबिध**

क) विपदमा परी घाइते हुनेहरुलाई उपचारका क्रममा भएको खर्चको ब्यवस्थाका लागि जिल्ला बिपद् व्यवस्थापन समितिमा सिफारिस ख) विपदका पिडितहरुलाइ पुनःस्थापना तथा पुनःनिर्माणका लागि प्रचलित नीति तथा कानुन बमोजिम डिभिजन वन कार्यालय एवं स्थानिय सामुदायिक वन उपभोक्ता समिति मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउन पहल गर्ने।

ग) विपद् पश्चात राहत तथा उद्दार कार्यमा खटिएका कर्मचारी तथा जनप्रतिनिधिहरुलाई खाना/खाजाको व्यवस्था गर्नुपर्नेछ।

घ) विपद व्यवस्था पश्चात उद्धार तथा राहत वितरणको कार्यमा सवारी साधन तथा अन्य हेभिमेसिनको प्रयोग गर्न गराउन तथा सोको परिचालन खर्चको भुक्तानी समितिको निर्णय अनुसार भुक्तानी गर्न सकिनेछ।

ङ) आवश्यक कागजातहरु : मुचुल्का, फोटोहरु, नागरिकताको प्रतिलिपी, वडाको सिफरिस साथै अन्य आवश्यक कागजातहरु पेश गर्नुपर्नेछ।

च) मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउनको लागि गाउँपालिका बिपद ब्यवस्थापन समितिमा विपद आएको भएको ३५ (पैंतीस) दिनभित्र घटनाको सूचना प्राप्त भएमा मात्र घटना पिडितलाइ मात्र राहत उपलब्ध गराइने छ।

**११. राहत वितरणको अनुगम, अभिलेख, प्रतिवदेन**

१. राहत वितरणलाई प्रभावकारी बनाउन गाउँपालिकाका अध्यक्षको संयेजकत्वमा निजले तोकेका व्यक्तिहरु सहितको एक अनुगमन समिति रहने छ।

२. सम्बन्धित वडाले राहत वितरणको अभिलेख आफ्नो कार्यालयमा राखी सार्वजनिक गर्नुपर्नेछ र एक प्रति फालेलुङ गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

**१२. बाधा अडकाउ फुकाउने अधिकार**

यस मापदण्डमा भएको व्यवस्था कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

**१३. खारेजि र बचाउ :** फालेलुङ गाउँपालिकाको विपद्/प्रकोप व्यवस्थापन कोष कार्यविधि, २०७५ खारेज गरिएकोछ।

आज्ञाले,
डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत